नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. १०२

मितिः २०८३/०५/३०

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,
श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

**विषयः संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मनाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा गृह मन्त्रालय, मूल समारोह समितिको सचिवालयको प.सं.ः संविधान दिवस – २०८३, च.नं. २५८ मिति २०८३/०५/२६ को पत्र मार्फत संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ (असोज २ र ३ गते दुईदिन सम्म) भव्यताका साथ मनाउने सन्दर्भमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री वालेन्द्र शाहज्यूको अध्यक्ष्यतामा मिति २०८३/०५/२६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकवाट स्वीकृत कार्यक्रमको छायाँप्रति यसै पत्रसाथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय, मूल समारोह समितिको सचिवालय, सिंहदरबार ।
श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन

दर्ता नं.: १५७२

मिति: ५।२९

प्र.द. ९३२
५।२९

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

नेपाल सरकार
गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- संविधान दिवस - २०८३

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- २५८

प्र-प्रि
१०४
५।३०

मिति: २०८३/०५/२६
ने.स. ११४६

**श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं।**

विषय: **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मनाउने सम्बन्धमा** ।

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ (असोज २ र ३ गते दुई दिनसम्म) भव्यताकासाथ मनाउने सन्दर्भमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री वालेन्द्र शाहज्यूको अध्यक्षतामा मिति २०८३/०५/२६ गते शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट स्वीकृत कार्यक्रमको छाँयाप्रति यसैसाथ संलग्न छ। अतः स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम आयोजना गरी संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ भव्यताकासाथ मनाउनका लागि सबै जिल्ला समन्वय समिति तथा स्थानीय तहमा पत्राचार गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

५।२६
(बासुदेव घिमिरे)
सहसचिव

**सादर अवगतार्थः**
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

- [ ] कर्मचारी प्रशासन महाशाखा
- [ ] भूमि व्यवस्थापन महाशाखा
- [x] सङ्घीय मामिला महाशाखा
- [ ] योजना तथा अनुगमन महाशाखा
- [x] प्रशासन सुधार महाशाखा
- [ ] कानून महाशाखा

सम्पर्क नं: ०१-४२११२४०, ०१-४२११२५५

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३

## मूल समारोह समिति गठन तथा स्वीकृत कार्यक्रम

निर्णय नं. १: संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को अवसरमा आगामी असोज २ र ३ गते विविध कार्यक्रमसाथ नेपाल राज्यभर र विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावास एवम् जनस्तरमा समेत भव्यताकासाथ मनाउन देहाय वमोजिमको मूल समारोह समिति गठन गर्ने,

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री वालेन्द्र शाह | अध्यक्ष |
| २. | माननीय मन्त्रीहरु | सदस्य |
| ३. | काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख | सदस्य |
| ४. | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| ५. | प्रधानसेनापति | सदस्य |
| ६. | ललितपुर महानगरपालिकाका प्रमुख | सदस्य |
| ७. | नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु | सदस्य |
| ८. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ९. | महानिरीक्षक, सशस्त्र प्रहरी वल, नेपाल | सदस्य |
| १०. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| ११. | उपत्यकाका नगरपालिका प्रमुखहरू, | सदस्य |
| १२. | सचिव, गृह मन्त्रालय | सदस्य-सचिव |

निर्णय नं. २: संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ भव्यरुपमा मनाउन सवै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयवाट अनुरोध गर्ने।

नेपाल सरकार

केदारनाथ शर्मा
सचिव

निर्णय नं. ३: संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को मूल समारोहको कार्यक्रम व्यवस्थापनका लागि देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने,

| | | |
|---|---|---|
| | **समन्वय एवम् व्यवस्थापन उपसमिति** | |
| १. | सचिव, गृह मन्त्रालय | संयोजक |
| २. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ३. | सचिव, रक्षा मन्त्रालय | सदस्य |
| ४. | सचिव, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ५. | सचिव, संस्कृति, पर्यटन तथा नगरिक उड्डयन मन्त्रालय | सदस्य |
| ६. | सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ७. | अध्यक्ष, (नेपाल उधोग वाणिज्य महासंघ, नेपाल उधोग परिसंघ, नेपाल चेम्बर अफ कमर्श) | सदस्य |
| ८. | सहसचिव, गृह मन्त्रालय (आन्तरिक व्यवस्थापन महाशाखा) | सदस्य-सचिव |
| | **प्रचार प्रसार उपसमिति** | |
| १. | सचिव, सूचना तथा सञ्चार मन्त्रालय | संयोजक |
| २. | अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ३. | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| ४. | अध्यक्ष, सार्वजनिक सेवा प्रसारण नेपाल | सदस्य |
| ५. | अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| ६. | अध्यक्ष, राष्ट्रिय समाचार समिति | सदस्य |
| ७. | प्रवन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| ८. | अध्यक्ष, विज्ञापन वोर्ड | सदस्य |
| ९. | सहसचिव, गृह मन्त्रालय (आन्तरिक व्यवस्थापन महाशाखा) | सदस्य |
| १०. | महानिर्देशक, सूचना तथा प्रसारण विभाग | सदस्य-सचिव |
| | **ग्राउण्ड, कवाज तथा व्यायाम व्यवस्थापन उप-समिति** | |
| १. | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | संयोजक |
| २. | सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी वल नेपाल, प्रधान कार्यालय | सदस्य |
| ३. | प्रमुख सेनानी, समारोह सञ्चालन निर्देशनालय, जङ्गी अड्डा | सदस्य |
| ४. | नगर प्रहरी प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ५. | उपसचिव, सम्पत्ति व्यवस्थापन तथा विभूषण शाखा, गृह मन्त्रालय | सदस्य |
| ६. | प्रहरी वरिष्ठ उपरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य-सचिव |

नेपाल सरकार
गृह मन्त्रालय

केदारनाथ शर्मा
सचिव

| मञ्च सजावट तथा व्यवस्थापन उप-समिति | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | संयोजक |
| २. | प्रमुख, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य |
| ३. | सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौं | सदस्य |
| ४. | सुपरिन्टेन्डेन्ट इञ्जिनियर, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कर्यालय | सदस्य |
| ५. | प्रमुख सेनानी, जङ्गी अड्डा (समारोह सञ्चालन निर्देशनालय) | सदस्य |
| ६. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, काठमाडौं जिल्ला | सदस्य |
| ७. | उपसचिव, सभा समारोह, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| ८. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य-सचिव |

निर्णय नं. ४ः संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को उपलक्ष्यमा संघीय सरकार तथा केन्द्रीयस्तरमा देहाय वमोजिमका कार्यक्रम आयोजना गर्ने,

असोज २ गते

१. रेडियो नेपाल, नेपाल टेलिभिजन एवं सामुदायिक, निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूवाट संविधान दिवस केन्द्रीत विशेष सम्वाद, परिसम्वाद लगायतका कार्यक्रमहरूको निर्माण, प्रसारण तथा प्रकाशन गर्ने व्यवस्था मिलाउने,
२. राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूलाई संविधान दिवसको उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन गर्नुका साथै, संविधानको वहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने,
३. सवै सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसर, मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्रमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने,
४. जिल्लास्तरमा विगतका विभिन्न आन्दोलनहरू लगायत जेनजी पुस्ताको आन्दोलनका सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरूलाई प्रमुख जिल्ला अधिकारी एवं स्थानीय तहको समन्वय कार्यक्रम आयोजना गर्ने,
५. जिल्लास्तरमा फरक क्षमता भएका विद्यार्थीहरूले अध्ययन गर्ने शैक्षिक संस्थाहरूमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम सञ्चालन गर्ने। यस कार्यमा ७७ वटै प्रमुख जिल्ला अधिकारीले आवश्यक समन्वय गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय

केदारनाथ शर्मा
सचिव

असोज ३ गते

१. नेपाली सेनाद्वारा सैनिक-मञ्च, टुँडिखेलमा विहान सूर्योदयसँगै विगुल (रिभ्याली) वजाउने तथा तोप र वन्दुकको वढाईं (स्याल्भो र भली फायर) गर्ने,

२. नेपाली सेनाको हेलिकोप्टरवाट संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ अङ्कीत व्यानर रिङ्गरोड वरिपरि प्रदर्शन गर्ने तथा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा हेलिकोप्टरवाट पुष्पवृष्टि र व्यानर प्रदर्शन गर्ने,

३. नेपाली सैनिक-मञ्च, टुँडिखेलमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा निर्वाचित जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू, सार्वजनिक तथा सामुदायिक संघ-संस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू, नागरिक समाजका लब्ध-प्रतिष्ठित व्यक्तित्वहरू तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने,

४. मूल समारोह समितिद्वारा नेपाली सैनिकमञ्च, टुँडिखेलमा आयोजित मूल समारोहको कार्यक्रम रेडियो नेपाल र नेपाल टेलिभिजनवाट प्रत्यक्ष प्रसारण गर्ने,

५. रेडियो नेपाल तथा नेपाल टेलिभिजनवाट संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफ.एम. तथा टेलिभिजनहरुलाई समेत प्रसारणका लागि अनुरोध गर्ने,

६. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र विगतका विभिन्न आन्दोलान तथा वि .सं. २०८२भाद्र २३ र २४ गतेको जेनजी पुस्ताको आन्दोलनका सहिदहरूको स्मृतिमा साँझ माइतीघर मण्डला एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने।

निर्णय नं. ५: विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासमा देहाय वमोजिमका कार्यक्रम गर्ने,

१. सम्वत् २०८३ असोज २ र ३ गते कार्यालयको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने,

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालको विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेपता झल्कने विघुतीय प्रचार सामग्री तयार गरी समुचित प्रचार-प्रसारका लागि परराष्ट्र मन्त्रालय मार्फत विदेशस्थित नेपाली कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा पठाउने।

केदारनाथ शर्मा
सचिव

निर्णय नं. ६ः प्रदेश राजधानी, जिल्ला र स्थानीय तहस्तरमा देहाय वमोजिमको कार्यक्रम गर्ने,

१. सवै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय "संविधान दिवस तथा राष्ट्रिय दिवस समारोह समिति, २०८३" गठन गरी निर्णय नं. ४ मा उल्लिखित कार्यक्रम समेतका साथ संविधान दिवस तथा राष्ट्रिय दिवस भव्यरुपमा मनाउन अनुरोध गर्ने,

२. सवै स्थानीय तहहरूमा सम्वन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा संविधान दिवस समारोह समिति, २०८३ गठन गरी संविधान दिवस तथा राष्ट्रिय दिवस निर्णय नं. ४ मा उल्लिखित कार्यक्रम समेतका साथ भव्यरुपमा मनाउन अनुरोध गर्ने,

३. सम्वत् २०८३ असोज २ र ३ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने,

४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमवाट संविधान दिवस तथा राष्ट्रिय दिवससँग सम्वन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरू प्रसारण-प्रकाशन गर्न लगाउने,

५. काठमाडौं उपत्यका वाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा सम्वन्धित स्थानीय तहका प्रमुख, प्रमुख जिल्ला अधिकारी, विषयगत कार्यालय प्रमुख र निजी क्षेत्रका प्रतिनिधि सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी जस्ता विविध कार्यक्रम गरी संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मनाउने। उक्त कार्यक्रमको समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने।

नेपाल सरकार
गृह मन्त्रालय

केदारनाथ शर्मा
सचिव

निर्णय नं. ७: निर्णय नं. ४, ५ र ६ को अतिरिक्त मिति २०८३/०५/२७ गते पश्चात संविधान दिवस तथा राष्ट्रिय दिवसको उपलक्ष्यमा देहाय बमोजिमका अन्य क्रियाकलापहरू सम्बन्धित निकायले सञ्चालन गर्ने,

## क्रियाकलाप तथा कार्ययोजना :

| क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय |
|---|---|---|---|
| १. संविधान दिवस तथा राष्ट्रिय दिवसको शुभकामनाको एस.एम.एस. तथा डिस्प्ले वोर्ड एवं सामाजिक सञ्जालमा सन्देश प्रसारण गराउने व्यवस्था मिलाउने । | सूचना तथा सञ्चार मन्त्रालय | सरकारी तथा निजी क्षेत्रका सञ्चार गृह तथा दूरसञ्चार सेवा प्रदायकहरू | गृह मन्त्रालय |
| २. रेडियो नेपाल, नेपाल टेलिभिजन एवं सामुदायिक, निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूवाट संविधानको महत्वको वारेमा विशेष सम्वाद, परिसम्वाद लगायतका कार्यक्रमहरूको निर्माण, प्रसारण तथा प्रकाशन गर्ने व्यवस्था मिलाउने। | सूचना तथा सञ्चार मन्त्रालय | सरकारी, सामुदायिक तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ३. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा संविधान दिवस तथा राष्ट्रिय दिवसका विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै गणतन्त्रको वहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरू प्रकाशन गर्ने। | | | |
| ४. सरसफाई, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी जस्ता विविध कार्यक्रम गर्ने | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय, शिक्षा तथा खेलकुद मन्त्रालय | स्थानीय पालिकाहरु तथा स्थानीय खेलकुद विकास समिति एवं साहित्यिक संस्थाहरू | गृह मन्त्रलाय, जिल्ला प्रशासन कार्यालय |
| ५. विगतका विभिन्न आन्दोलनहरु लगायत जेनजी आन्दोलनका सहिद तथा वेपत्ता व्यक्तिका परिवार र घाइतेहरुलाई सम्मान गर्ने। | जिल्ला समन्वय समिति | स्थानीय पालिकाहरु | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| ६. फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने। | स्थानीय पालिकाहरु | शिक्षा विकास तथा समन्वय इकाई | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |

नेपाल सरकार

केदारनाथ शर्मा
सचिव

निर्णय नं. ८: संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को उपलक्ष्यमा मिति २०८३ असोज ३ गते सैनिक-मञ्च, टुँडिखेलमा आयोजना हुने मूल समारोहको कार्यक्रममा देहाय बमोजिमका पदाधिकारीहरूलाई गृह मन्त्रालयले आमन्त्रण गर्ने,

१. सम्माननीय राष्ट्रपति,
२. सम्माननीय उपराष्ट्रपति,
३. सम्माननीय प्रधानमन्त्री,
४. सम्माननीय प्रधानन्यायाधीश,
५. सम्माननीय सभामुख, प्रतिनिधि सभा,
६. सम्माननीय अध्यक्ष, राष्ट्रिय सभा,
७. माननीय पूर्वराष्ट्रपतिहरू,
८. पूर्व उपराष्ट्रपतिहरू,
९. पूर्व प्रधानमन्त्रीहरु/मन्त्रिपरिषद्का पूर्व अध्यक्ष,
१०. माननीय मन्त्रीहरु,
११. उपसभामुख, प्रतिनिधि सभा,
१२. उपाध्यक्ष, राष्ट्रिय सभा,
१३. सङ्घीय संसदका संसदीय समितिका सभापतिहरू,
१४. राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष,
१५. संवैधानिक निकायका प्रमुखहरु,
१६. महान्यायाधिवक्ता,
१७. सङ्घीय संसदका माननीय सदस्यहरू,
१८. काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख,
१९. नेपाल सरकारका मुख्य सचिव,
२०. प्रधानसेनापति,
२१. ललितपुर महानगरपालिकाका प्रमुख,
२२. जिल्ला समन्वय समितिका प्रमुखहरु (उपत्यका भित्रका),
२३. सङ्घीय संसदका महासचिव,
२४. सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार,
२५. नेपाल राष्ट्र बैंकका गभर्नर,
२६. प्रज्ञा प्रतिष्ठानका कुलपति तथा विश्वविद्यालयका उपकुलपतिहरू,
२७. नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु,
२८. नेपालस्थित विदेशी राजदूतहरु/संयुक्त राष्ट्र संघका आवासीय प्रतिनिधि,
२९. रथी,
३०. सुरक्षा निकायका प्रमुखहरु,
३१. प्रज्ञा प्रतिष्ठानका उपकुलपतिहरू,
३२. विश्वविद्यालयका प्राध्यापकहरू,



नेपाल सरकार
गृह मन्त्रालय

केदारनाथ शर्मा
सचिव

३३. काठमाडौं उपत्यकाभित्रका सबै स्थानीय तहका प्रमुखहरु तथा उपप्रमुखहरु,

३४. सुरक्षा निकायका विशिष्ट श्रेणीका अधिकृतहरु,

३५. काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु,

३६. नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू,

३७. सहायक रथीहरू,

३८. प्रहरी नायब महानिरीक्षकहरू,

३९. सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू,

४०. राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशकहरू,

४१. सार्वजनिक संस्थानका प्रमुख एवम् कार्यकारीहरू,

४२. अध्यक्ष, नेपाल बार एशोसियसन,

४३. अध्यक्ष, उद्योग वाणिज्य महासंघ,

४४. अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स,

४५. अध्यक्ष, नेपाल उद्योग परिसंघ,

४६. अध्यक्ष, नेपाल पत्रकार महासंघ,

४७. उपसमितिका सबै सदस्यहरू,

४८. समितिले आमन्त्रण गरेका अन्य महानुभावहरू।

नेपाल सरकार
गृह मन्त्रालय

केदारनाथ शर्मा
सचिव

निर्णय नं. ९: नेपाली सैनिक मञ्च, टुँडिखेलमा आयोजना हुने मूल समारोहको कार्यक्रमलाई देहाय वमोजिमको समय-तालिकामा सञ्चालन गर्ने,

**कार्यक्रम सुरु हुने समय - बिहान ८:३० बजे**

**कार्यक्रमको अनुमानित समयावधि : १ घण्टा ५ मिनेट**

आमन्त्रित विशिष्ट महानुभावहरुको आगमन

| | |
|---|---|
| १. राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यूको आगमन | - ८:३० बजे |
| २. प्रतिनिधिसभाका सम्माननीय सभामुखज्यूको आगमन | - ८:३३ बजे |
| ३. सम्माननीय प्रधानन्यायाधीशज्यूको आगमन | - ८:३६ बजे |
| ४. संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूको आगमन | - ८:३९ बजे |
| ५. विशिष्ट अतिथि, सम्माननीय उपराष्ट्रपतिज्यूको आगमन | - ८:४२ बजे |
| ६. प्रमुख अतिथि सम्माननीय राष्ट्रपति रामचन्द्र पौंडेलज्यूको आगमन तथा सलामी ग्रहण | - ८:४५ बजे |
| ७. राष्ट्रिय गान र झण्डोत्तोलन | - ४ मिनेट |
| ८. ज्ञात-अज्ञात शहीद एवं जेनजी सुशासन योद्धाहरू प्रति उच्च-सम्मान र श्रद्धाञ्जली तथा २०८३ भदौ १० गतेको भोटेकोशी-त्रिशुली वाढीमा परी मृत्यु भएका व्यक्ति प्रति श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चीरशान्तिको लागि मौनधारण | - १ मिनेट |
| ९. नेपाली सेनाको हेलिकोप्टरवाट संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ अङ्कीत व्यानर प्रदर्शन गरी पुष्पवृष्टि एवं वेलुन उडाउने कार्य टुँडिखेल मूल कार्यक्रम स्थलमा गर्ने। साथै सो कार्य पश्चात हेलिकोप्टरवाट संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ अङ्कीत व्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने | - ५ मिनेट |
| १०. नेपाली सेनाद्वारा शान्तिका प्रतीक परेवा उडाउने, | - १ मिनेट |
| ११. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपालद्वारा संक्षिप्त मार्च पास, | - १० मिनेट |
| १२. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपालद्वारा संक्षिप्त व्याण्ड प्रदर्शन गर्ने, | - १० मिनेट |
| १३. संविधान दिवस तथा राष्ट्रिय दिवस मूल समारोह समितिका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्रीज्यूवाट सम्वोधन, | - १० मिनेट |
| १४. सम्माननीय राष्ट्रपतिज्यूको फिर्ती सलामी र विदाई। | - १० मिनेट |

*(रेडियो नेपाल, नेपाल टेलिभिजन, अन्य श्रव्य-दृष्य संस्था तथा सामाजिक सञ्जालबाट सम्पूर्ण कार्यक्रमको प्रत्यक्ष प्रसारण)*

केदारनाथ शर्मा
सचिव